# चित्रकथा निर्माण प्रयोजनार्थ कथा उपलब्ध गराउने सम्बन्धी सूचना।

नेपाल बीमा प्राधिकरणले बीमा क्षेत्रको विकास, विस्तार, प्रर्वद्धन तथा पहुँच वृद्धि गर्न चित्रकथा निर्माणका लागि कथा लेखन प्रतियोगिता संचालन गर्न गइरहेको व्यहोरा जानकारी गराउँदछौँ। उक्त चित्रकथा लेखन प्रतियोगितामा भाग लिन इच्छुक **बीमा क्षेत्रमा कार्यरत कर्मचारी तथा सरोकारवाला व्यक्तिहरूले** देहायबमोजिमका नियमहरूको अधिनमा रही बीमाका विविध विषय समेटि कथा लेखी नेपाल बीमा प्राधिकरणको research@nia.gov.np, sundar.sharma@nia.gov.np ईमेल ठेगानामा २०८२ साल मंसिर १५ गते भित्र उपलब्ध गराउनु हुन अनुरोध छ।

**कथाको विषयवस्तु:-**

- बीमा सम्बन्धी सचेतना अभिवृद्धि गर्न आवश्यकता देखिएका विषयहरू

**कथा छनोटका मापदण्डहरू:-**

- लेखनको भाषा नेपाली हुनु पर्नेछ र वर्ड फाईल कोकिला १६ फन्ट साइजमा तयार गर्नु पर्नेछ।
- सान्दर्भिक एव्म् विषयमा स्पष्टता हुनुपर्नेछ।
- पेश हुन आएका कथा आफ्नै मौलिक श्रृजना र सरल भाषामा हुनु पर्नेछ र यस अघि अन्य कुनै पनि पत्रपत्रिकामा प्रकाशित नभएको हुनु पर्नेछ।
- कथा बढीमा ५०० शब्दको हुनुपर्नेछ।
- दुई वा दुई भन्दा बढि व्यक्ति बिचको संवाद शैलीमा कथा लेखिएको हुनुपर्नेछ।

उल्लेखित मापदण्ड पूरा गरी प्राप्त हुन आएका मध्ये उत्कृष्ट १० कथालाई छनौट गरी चित्रकथा तयार गरिनेछ। छनोट भएका कथाको लागि पारिश्रमिक स्वरूप रकम रू ८०००।- को व्यवस्था गरिएको छ। चित्रकथा छनोट तथा प्रकाशन सम्बन्धी सम्पूर्ण अधिकार प्रकाशन उपसमितिमा रहेको छ।

**सम्पर्क व्यक्ति:-**

श्री सुन्दर प्रसाद शर्मा, सहायक निर्देशक (मोबाईल नं **९८५१२४४४१०**)